# आ.व. २०८२/८३ को दोस्रो चौमासिक

# सार्वजनिक सुनवाई कार्यक्रम”

## प्रतिवेदन

मितिः २०८२/११/३० गते

स्थानः श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमराको प्राङ्गगण सम्पन्न ।

**पेश गरिएको निकाय**

जितपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

जितपुर, बारा (नेपाल)

**पेश गर्ने संस्था**

**पल टिभी मिडिया हब प्रा.लि.**

जितपुरसिमरा १, सिमरा (बारा)

प्रतिवेदन तयार गर्ने व्यक्तिः पल टिभी मिडिया हब प्रा.लि.का

प्रबन्ध निर्देशक तथा संचारकर्मी बेद प्रसाद भट्ट ।

CamScanner

## बिषय सुची:


१ भुक्तानी पाँउ बारेको पत्र....................................१ थान

२. बिल..........................................................१ थान

३. कार्यक्रमको कार्यआदेश......................................१ थान

४. कार्यक्रमको परिचय तथा संक्षिप्त बिवरण..............२ थान

५. प्रश्न र उत्तर................................................१७ थान

६ .जवाफको संक्षिप्त जानकारी,सुझावहरु...................४ थान

७. नागरिक अभिमतको नतिजा...............................६ थान

८ .कार्यक्रमको प्रतिनिधी फोटोहरु............................४ थान

९. उपस्थितीको नामवली....................................१६ थान

१०. सुझाव/गुनासो फारमको नमुना.........................५ थान

११. नागरिक अभिमतको प्रश्नवलीको नमुना ................५ पेजको २ सेट

१२. कार्यक्रमको सुचना पत्र.....................................१ थान

१३. स्थानिय दैनिक पत्रिकामा प्रकाशित सुचनाको प्रतिलिपी.......१ थान

१४. खर्चको बिवरण...............................................१ थान

१५. कार्यक्रमको फोटो,भिडियो,रेडियो जिङ्गलको पेनड्राइभ........ १ थान

१६. कार्यक्रम संचालनको तालिका - - - - - - २ थान

क.दर्ता: ३७४३५४।८२।८३

# पलटिभी मिडिया हब प्रा.लि

जितपुरसिमरा १, बारा नेपाल

मिती :२०८२/१२/१२

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यलय
जीतपुर, बारा

जीतपुरसिमरा उ.म.न.पा. कार्यालय
जीतपुर
दर्ता नं. 6648
दर्ता मिति 2082/12/16

**विषय : बिलको भुक्तानी पाँउ बारे ।**

महोदय

जिल्ला बारा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.१ मा संचालित यस यस पल टिभी मिडिया हब प्रा.लि.ले त्यहाँको जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय जीतपुरको आ.ब.२०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनवाइको सहजीकरण संस्था भई कार्यक्रम सम्पन्न गरे वापत बिल भुक्तानी पाँउ भनि कार्यक्रमको बिस्तृत प्रतिवेदन सहित भुक्तानी पाँउ भनि यो निवेदन पेश गरेको छु ।

..................
बेद प्रसाद भट्ट
(प्रतिनिधी तथा ब्यवस्थापक)

कर बिजक

# पल टि. भी. मिडिया हब प्रा. लि.

जी.सि.उ.म.न.पा.-१, सिमरा, बारा

मिति: २०८२।१२।१२

बिक्रेताको करदाता दर्ता नं. ६ २ २ ४ ३ ६ ७ १ ३

नाम: जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय

ठेगाना: जीतपुर, बारा

क्रेताको करदाता दर्ता नं.

भुक्तानीको तरिका : नगद/उधारो/चेक/अन्य

बिजक नं. 002

| सि. नं. | एच.एस. कोड | विवरण | परिमाण | प्रति इकाई मूल्य रु. पै. | जम्मा मूल्य रु. | पै. |
|---|---|---|---|---|---|---|
| १. | | जीतपुरसिमरा उ.म.न.पा.को आ.व. २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रमको सहजीकरण सहित सम्पन्न गरि प्रतिवेदन बुझाएको कार्यक्रमको भुक्तानी पेश गरे । | १ | ८७,५००/- | ८७,५००/- | |
| | | | | जम्मा | ८७,५००/- | |
| | | | | ......%ले छुट | — | |
| | | | | कर लाग्ने मूल्य | ८७५००/- | |
| | | | | १३%ले कर | ११३७५/- | |
| | | | | कुल जम्मा | ९८८७५/- | |

अक्षरेपी रु. अन्ठानब्बे हजार आठ सय पचहत्तर रुपैयाँ मात्र ।

भूल–चूक लिने दिने ।

नि. पल टि. भी. मिडिया हब प्रा. लि.

CamScanner

## २. परिचय (Introduction)

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुरको आयोजना र पल टिभी मिडिया हब प्रा.लि.सिमराको सहजीकरणमा मिति २०८२/११/३० गते दिउँसो १४:०० बजे श्री नेपाल राष्ट्रिय माध्यमिक बिद्यालय सिमराको प्राङ्गणमा आयोजित सार्वजनिक सुनवाइ कार्यक्रममा करिब ३०० जना सहभागिहरुको उपस्थितीमा सहभागीहरु मध्ये ३५ जनाभन्दा बढीले लिखित रुपमैं सुझाव तथा गुनासोहरु पेश गरेका छन् भने ३३ जनाभन्दा बढीले कार्यक्रम संचालनको क्रममा माईक्रोफोन बाटै बोलेर आफ्नो सुझाव तथा गुनासोहरु राखेका थिए । मौखिक र लिखित गरि झण्डै २०० भन्दा बढी सुझाव तथा गुनासोहरु संकलन गरिको छ । कार्यक्रम स्थलमा मौखिक रुपमा राखिएका अधिकांश गुनासोहरु लाई कार्यक्रम संचालनका क्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख(मेयर) राजन पौडेल,जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख(उपमेयर) भोला प्रसाद अधिकारी, जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत डमरु प्रसाद निरौला, आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख करअधिकृत दिनेश पाण्डे,डिभिजन बन कार्यालय सिमरा बाराका प्रमुख बन अधिकृत राजिब कुमार झा.,जीतपुरसिमरा उ.म.न.पा.वडा नं.७ का वडाअध्यक्ष सुनिल गुप्ता,जीतपुरसिमरा उ.म.न.पा.वडा नं.१६ का वडाअध्यक्ष हरिदेब खरेलले नगरवासीले उठाएका विषयमा सम्बोधन गर्नु भएको थियो । तत्काल सम्बोधन गर्न नसकिएको विषयमा कार्यपालिकामा छलफल गर्ने,सम्वन्धित अन्य कार्यालय तथा निकायहरु बाट समाधान खोजिने प्रतिबद्धता समेत गरिएको थियो ।

## ३. उद्देश्य (Objectives)

यस सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व र जनगुनासो सम्वोधन गर्नु रहेको छ। कार्यक्रममा सेवाग्राही, सरोकारवाला निकाय तथा सम्वन्धित पदाधिकारीहरूको उल्लेख्य सहभागिता रहेको थियो। जसमा सेवाग्राहीका गुनासा, सुझाव तथा प्रतिक्रिया संकलन गर्नु,सेवाप्रवाहको अवस्था बारे सार्वजनिक गर्नु, समस्याहरू पहिचान गरी सुधारका उपायहरू तय गर्नु लगायतका उदेश्यहरु राखेर कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा उठेका प्रश्न तथा गुनासोहरुलाई सहजीकरणको जिम्मेवारी पाएको पल टिभी मिडिया हब प्रा.लि.सिमराले सम्वन्धित संघसंस्था,जीतपुरसिमरा उ.म.न.पा.को कार्यालयका शाखा प्रमखुहरु वडाअध्यक्ष सहितका सरोकारवालाहरु सँग थप प्रतिक्रिया लिने र जवाफ मागेर उक्त जवाफलाई सार्वजनिक समेत गरिएको थियो ।

## ४. कार्यक्रमको विवरण (Program Details)

**कार्यक्रम:** सार्वजनिक सुनुवाइ ।

**आयोजक संस्था:** जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर,बारा ।

**सहजीकरण संस्था:** पल टिभी मिडिया हव प्रा.लि.,जीतपुरसिमरा-१,बारा

**अध्यक्षता:** जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख(मेयर) राजन पौडल ।

**औपचारिक कार्यक्रम संचालन:** अधिकृत(आठौं) रामेश्वर बन्जरा ।

**स्वागत मन्तब्य, तथा कार्यक्रमको उदेश्य बारे जानकारी :** बरिष्ट आ.ले.प.अधिकृत(आठौं)किर्तिराज सुवेदी ।

pal tv MEDIA HUB

CS CamScanner

**सहभागी संख्या:** ३०० जना ।

## ५. सहभागीहरूको विवरण (Participants)

स्थानीय बासिन्दा तथा नगरवासीहरु

सेवाग्राहीहरू : २४ वटै वडाहरु बाट अधिकांश स्थानिय नागरिक तथा नगरवासीहरु

जनप्रतिनिधिहरू: जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख(मेयर) राजन पौडेल,जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख(उपमेयर) भोला प्रसाद अधिकारी, जीतपुरसिमरा उ.म.न.पा.वडा नं.७ का वडाअध्यक्ष सुनिल गुप्ता,जीतपुरसिमरा उ.म.न.पा.वडा नं.१६ का वडाअध्यक्ष हरिदेब खरेल लगायतका कार्यपालिकाको सदस्यहरु समेतको उपस्थिती रहेको थियो ।

कार्यालयका कर्मचारीहरू: जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत(सहसचिव) डमरु प्रसाद निरौला,जीतपुरसिमरा उपमहानगरपालिकाका उपसचिव दशौं शिव जी प्रसाद,जीतपुरसिमरा उपमहानगरपालिकाका बरिष्ट आ.ले.प.अधिकृत(आठौं) किर्तिराज सुवेदी, जीतपुरसिमरा उपमहानगरपालिकाका अधिकृत(आठौं) रमेश सुवेदी, जीतपुरसिमरा उपमहानगरपालिकाका अधिकृत(आठौं) रामेश्वर बन्जरा, जीतपुरसिमरा उपमहानगरपालिकाका अधिकृत(आठौं) सुधन चौधरी, जीतपुरसिमरा उपमहानगरपालिकाका तथ्याङ्क अधिकृत(आठौं) राम प्रसाद शर्मा पौडेल, जीतपुरसिमरा उपमहानगरपालिकाका अधिकृत(आठौं) संघर्ष विडारी, जीतपुरसिमरा उपमहानगरपालिकाका नापी अधिकृत(आठौं) सन्दर अधिकारी सहितका वडा सचिवदेखि अधिकांश कर्मचारीहरुको सहभागिता रहेको थियो ।

अन्य सरोकारवाला निकाय: आन्तरिक राजस्व कार्यालय सिमरा,बाराका प्रमुख करअधिकृत दिनेश पाण्डे, डिभिजन वन कार्यालय सिमरा बाराका प्रमुख वनअधिकृत राजिब कुमार झा.सहितका पालिका भित्र रहेको बिभिन्न संघसंस्थाका प्रतिनिधीहरुको उपस्थिती रहेको थियो ।

## ६. प्रस्तुत गरिएका विषयहरू (Agenda / Topics Discussed)

नगरले प्रकाशन गरेको आ.ब.२०८१/०८२ को बार्षिक प्रतति पुस्तिका २०८२ कार्यक्रममा सहभागीहरुलाई वितरण गरिएको थियो । पुस्तिका अध्ययन गरि सहभागिहरुले प्रश्नहरु उठाएका थिए ।

सेवा प्रवाहको अवस्था : उपमहानगरपालिकाको कार्यालय जीतपुरमा सेवा लिन आउने १०० जना सेवाग्राहीहरु लाई सोधिएका प्रश्नहरुबाट नागरिक प्रतिवेदन पत्र र नागरिक अभिमत तयार गरि कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

**आर्थिक तथा प्रशासनिक पारदर्शिता :** नागरिक गुनासा तथा सुझाव: कार्यक्रममा नागरिक स्तरबाट उठेका गुनासा तथा सुझावहरु तथा सम्वोधन सहितका सम्पुर्ण कार्यक्रमलाई नगरको आधिकारिक फेसबुक पेजबाट प्रत्येक्ष प्रसारण गरिएको थियो । सहजीकरण संस्थाले डुकुमेन्टका लागि सुरक्षित गरि राखिएको कार्यक्रमको भिडियोलाई पेनड्राइभ मार्फत नगर कार्यपालिकाको कार्यालयमा पेश समेत गरेको छ । सार्वजनिक सुनवाई कार्यक्रम संचालनका खर्च बिबरणहरु समेत सार्वजनिक गरिएको थियो ।

pal tv MEDIA HUB

CamScanner

## ७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, गुनासो तथा सुझावहरु (Issues Raised)

| क.सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिने नाम, थर र ठेगाना | सहभागीको प्रश्न/ गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | **नरेश प्रसाद गर्तौला, जीतपुरसिमरा वडा नं २,बारा** | • सिमरा–डुमरवाना कालो पत्रे बाटोमा खाल्टाखुल्टी कहिले सम्म रहन्छ?<br>• भित्री ढलानका बाटोहरुमा खाल्टोहरु धेरै भएकोले स्थानियले समस्या झेल्नु परेको छ त्यसको उचित मर्मत हुनु पर्यो ।<br>• गढीमाई–पथलैया–८०० मिटर बाटो पुल जोड्न जोड ।<br>• कक्षा १२ सम्मको नि:शुल्क भएको छ। ने.रा.मा.वि.सिमरा लगायतका सामुदायिक विद्यालयले पैसा असुल्ने गरेको छ ।<br>• नगर क्षेत्रभित्र नाला बनाउँदा इन्जिनियरले त्रुटिपुण काम गर्दैछन्।<br>• निर्माण क्षेत्रमा प्राथमिक कार्य गर्ने र अस्पतालमा एच.आई.भी को औषधी पाउनु पर्यो त्यो व्यवस्था गर्नु पर्यो ।<br>• बनेको बाटो छिटो बिग्रिने समस्यामा अन्त्य होस ।<br>• किसानको स्थलगत रिपोर्ट छैन। सिचाई र खाद्यको समस्या बारेमा ध्यान दिनु पर्यो।<br>• सरकारी स्कुल १२ सम्म नि:शुल्क गरिदिनुपर्ने।<br>• सरकारी जग्गाको हेरचाह तथा संरक्षण गर्नुपर्यो। चिनी मिलको जग्गामा ढुङ्गा उमारेर कतै जाँदै। | नगरप्रमुख राजन पौडेल | # सिमरा–डुमरवाना सडकको कालो पत्रे मर्मत पालिकाले समय समयमा गर्दै आएको भएपनि आवश्यकता अनुसार काम गर्न नसकेको वताउनु भयो । बाटोमा बढ्दो चाप र आवश्यकता अनुसारको बाटो निर्माण र मर्मत गर्न पालिकाको स्रोत साधन र वजेट प्राप्त नहुने वताउनु भयो । यो आ.ब.मा समेत मर्मत गर्ने तयारी भई राखेको वताउनु भयो ।<br><br># पालिका सँग सिमित स्रोत साधन र वजेट भएकोले सबै क्षेत्रमा सोचे अनुरुप र जनताको भावना अनुरुप काम गर्न नसकिएको वताउनु भयो ।<br>बिगत २ वर्षदेखि ने.रा.मा.वि.सिमरामा विज्ञान संकाय अध्ययन गर्ने विद्यार्थीहरु लाई उपमहानगरपालिकाको अनुदानमा वाट ११ र १२ निशुल्क रुपमा पढाई हुदैं आएको वताउनु भयो । |

paltv MEDIA HUB

| | | | | |
|---|---|---|---|---|
| | | • ...रोड सेवा एम्बुलेन्सको व्यवस्थापन गर्नुपर्यो।<br>• रोजगार नभएमा सिप तालिम दिनुपर्यो।<br>• विद्यालयमा प्र.अ. लाई शक्तिशाली बनाउनु।<br>• कालो प्लास्टिक बन्द गर्नुपर्यो।<br>• D.J. साउन्डले नगरवासीलाई समस्या भई रहेको छ यो कार्य बन्द गर्नु पर्यो ।<br>• किसानले लगाएको बालीमा उत्पादनमा वृद्धि ल्याउने काममा ध्यान दिनु पर्ने । | | D.J. साउन्ड नियन्त्रणको लागि प्रशासनसँग पहल गरिने छ ।<br>विद्यालयको समस्या समाधानको लागि उपायहरु खोजी गरिनेछ । |
| २ | **धिरज पुडासैनी, प्रगति टोल, जीतपुरसिमरा,वडा नं-१,बारा** | • जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं. १ प्रगती टोलमा विद्युतको तार लच्किएकोले दुर्घटनाको जोखिम वढेको र केही घटनाहरु समेत हुनबाट जोगिएकोले उक्त समस्याको समाधानको लागि आवश्यक पहल गरिदिनु पर्यो । सडकहरुमा विजुलीको तारको उचित व्यवस्था गर्नुपर्यो।<br>• वडा नं-१ मा सूर्य नेपालले बनाएको बाटो राम्रो छ। हाम्रो नगरपालिकाको इन्जिनियरले बनाएको विग्रियो। यसको गुणस्तरको लागि सर्भे र अनुगमन गर्नुपर्यो। | नगरप्रमुख राजन पौडेल | • विद्युतका पोल तथा तार व्यवस्थापनको समस्या संघिय सरकार अन्तरगतको कार्यालय विद्युत प्राधिकरण सँग सम्वन्धित भएकोले समस्या आएको बारे सम्वन्धित कार्यालयलाई जानकारी गराउने र ताकेता गर्ने भुमिका पालिका तहबाट निर्वाह भएपनि सम्वन्धित कार्यालयबाट प्रभावकारी काम हुन नसकेको वताउनु भयो ।<br>• बाटो ढलान तथा नाला निर्माणमा फिनिसिङ्ग नदेखिएको र विभिन्न समस्याहरु देखिएको स्वीकार गर्दै आउँदो दिनहरुमा यस्तो |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्राविधिक त्रुटीहरु हुन नदिने गरी पालिकाका इन्जिनियर अभव कान्त झा.लाई मेयर राजन पौडेलले कार्यक्रमको मञ्चवाटै निर्देश गर्नु भयो । |
| ३ | डम्बर खड्का जीतपुरसिमरा वडा नं.४,बारा | • वडा अध्यक्ष र नगरको बजेट तालमेल नभएको देखियो तालमेल हुनुपर्नेमा जोड ।<br>• योजना वडाको सिफारिस नगरको ल्याउनुपर्नेमा जोड ।<br>• एउटै शिर्षकमा एउटै वडामा ३ ठाउँमा एउटै शिर्षकको बजेट राखिएको र काम समेत भएको देखियो यो कसरी हुन पुग्यो? यसमा कत्ै भ्रष्टचार हुने गरेको त छैन?<br>• वडा अध्यक्षनैं विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भएको विद्यालयले स्कुलको वजेट खर्च गर्न किन सकेन? | नगरप्रमुख (मेयर) राजन पौडेल | • वजेट वनाउने क्रममा तालमेल नभएको समस्यालाई आउँदो वजेटहरु वनाउनु भन्दा अगाडी वडातह वाट टोल टोलमा भेला राखेर आयोजनाहरु वारे छलफल गरेर वजेट निर्माण गरिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।<br>• फरक फरक स्रोतवाट वजेट वन्ने भएकोले एउटै आयोजनामा वजेटमा धेरै शिर्षक राखेको देखिएको हुन सक्ने र काम वजेट हिनामिना गर्ने काम भएको भए त्यस माथी अनुसन्धान गरी कारवाही प्रक्रियमा लान्छौं ।<br>• विद्यालय व्यवस्थान सम्वन्धमा वडाअध्यक्षहरु सँग छलफल गर्ने प्रतिवद्धा |
| ५ | राजेन्द्र गौतम -जीतपुरसिमरा-वडा नं. २,बारा | # दोश्रो चौमासिक भनेको के हो? किन यसभन्दा अगाडी उपमहानगरपालिकाले यस्तो किसिमको सार्वजनिक सुनवाइ गर्न सकेन? | नगरप्रमुख राजन पौडेल | # उपमहानगरपालिकाले यसभन्दा अगाडी जीतपुरसिमरा वडा नं.१३ मा सार्वजनिक सुनवाइ आयोजना |

| | | | | |
|---|---|---|---|---|
| | | # आन्तरिक राजस्व कार्यालयले पालिकाले समयमा नवुझाएको करको जरिवाना निर्माण व्यवसायी सँग किन असुल उपर गर्छ यो पालिकासँग लिनु पर्ने होइन ?<br># ABC कन्ट्रक्सनले निर्माण गरेको चमेनागृह अधुरो भवनको भुक्तानी किन भएन?<br>निर्माण व्यवसायीहरुले काम गर्छ तर कहिले समयमा भुक्तानी पाँउदैन । समयमा भुक्तानी भएन यो समस्या समाधान गर्नुपर्यो।<br>रेविज सम्वन्धी भ्याक्सिन पाईंदैन / नगर अस्पतालमा कति वेला कुन समय के के सेवाहरु फ्री पाइने हो त्यसको जानकारी पाँउ ।<br>उपमहानगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत हाकिम साहेव किन वस्नु हुन्न / उहाँ कहिले देखि नियमित आउनु हुन्छ? | • नगरप्रमुख राजन पौडेल<br><br>• आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख करअधिकृत दिनेश पाण्डे | गरेकोमा नगरवासीको उल्लेख्य सहभागिता नभएपछि आयोजित कार्यक्रम स्थगित गरिएको स्मरण गर्दै आउँदो दिनहरुमा उपमहानगरपालिकाले हरेक चौमासिकमा सार्वजनिक सुनवाइ कार्यक्रमको आयोजना गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।<br># ABC कन्ट्रक्सनले निर्माण गरेको चमेनागृह अधुरो भवनको भुक्तानी बारे आफुले भुक्तानीको लागि निर्देश गरि सकेको वताउँदै सार्वजनिक खरिद ऐन अनुसार नमिलेको र प्राबिधिक तथा प्रशासनिक समस्याको कारण भुक्तानी हुन नसकेको हुन सक्ने वताउनु भयो ।<br>• निर्माण व्यवसायी राजेन्द्र गौतमले राजस्व कार्यालयले उपमहानगरपालिकाले समयमा राजस्व दाखिला नगर्ने त्यसको जरिवाना चाहि किन व्यवसायी सँग असुल्ने भन्ने प्रश्नमा उनले यसको लागि निर्माण व्यवसायीले सम्बन्धित पालिकालाई व्यवसायीले ताकेता गर्नु पर्ने वताए । |

paltv MEDIA HUB

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | त्रिपक्षिय सहकार्य र निकायहरु जिम्मेवार बने यस्तो किसिमको समस्या नआउने र समस्या समाधानको लागि पालिकासँग थप छलफल हुने उहाँले बताउनु भयो । |
| ६ | **रबिना डंगोल भट्टराई, जीतपुरसिमरा-१६,बारा** | • ऐलानी जग्गाको वडा कार्यालयले दिएको जग्गाधनीको निस्साको प्रमाण हुदाँ पनि मेरो घर बनाउने क्रममा डिभिजन वन कार्यालय र वडा कार्यालयले घर निर्माणमा अवरोध सिर्जना गर्यो । भेदभाव पुर्ण व्यवहारको अन्त्य कहिले हुन्छ मैले मेरो जग्गामा घर बनाउन नपाउने हो?<br>• उपमेयर माथीको प्रश्नः सिचाईको भुक्तानी हामीले नपाउने हो? | • डिभिजन वन कार्यालय सिमरा बाराका प्रमुख बनअधिकृत राजिब कुमार झा.<br>• जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.१६ का वडाअध्यक्ष हरिदेव खरेल | • वडा नं. १६, रबिना डंगोल भट्टराईको ऐलानी जग्गामा बन्दै गरेको घरको निर्माण कार्य रोकिनुको कारणमा उनले बन क्षेत्रसँग जोडिएको ऐलानी जग्गाहरु बनको अतिक्रमित जग्गा हुने भएकोले त्यस्ता क्षेत्रमा निर्माण भएको बिषयमा बनले अनुगमन गर्ने,नयाँ भौतिक संरचना निर्माण हुन नदिने र आफुहरुले ऐलानीसँग सम्बन्धित प्रमाणहरु मागेको र प्रमाण पुगेको निर्माणको |

MEDIA HUB

| | | | | |
|---|---|---|---|---|
| | | | | लागि अवरोध नगरेको बताए । त्यस्तो समस्या भए प्रमाण पेश गर्न समेत आग्रह गरेका छन् ।<br>● वडाअध्यक्ष हरिदेव खरेलले भने वडा नं. १६ की रविना डंगोल भट्टराईले घर निर्माण गर्दा सार्वजनिक बाटो मिचेर घर बनाएपछि वडा कार्यालयले निर्माण कार्य रोकेको हो । उनले सार्वजनिक बाटो,सार्वजनिक जग्गा अतिक्रमण गरेर वडाबासी नगरवासीहरुले घर निर्माण गर्न नहुने बताए ।<br>● |
| ७ | गोपाल खतिवडा - जीतपुरसिमरा वडा नं. २,बारा | ● लाल श्रेष्ठको घरदेखि पुर्व तर्फको ७० मिटरको बाटो ढलान भयो तर त्यस बाटो निर्माण गर्दा १५ मिटर बाटो ढलान अधुरो राखियो । यो विभेदकारी व्यवहारको अन्त्य कहिले हुन्छ बन्न बाँकी १५ मिटरको बाटो कहिले सम्म कसको पालामा बन्ने हो? | | यो सम्बन्धमा सम्बन्धित शाखा सँग बुझी थप कामको लागि प्रकृया अगाडी बढाईने छ । |

pal tv MEDIA HUB

| | | | | |
|---|---|---|---|---|
| | उत्सव कुमार झा.<br>जीतपुरसिमरा-२,बारा | • वडा स्तर एकेडेमी<br>• अध्ययनको लागि किन बाहिर जाने।<br>• छात्रवृत्ती किन लागू गर्न सकेन? | नगरप्रमुख राजन पौडल | • सिमित स्रोतसाधनको बिचमा खेलकुदमा सोचे अनुरुप काम नगर्न नसकेको बताउनु भयो । अन्य बिषयको जवाफ दिन बाँकी |
| ८ | राजु गौतम<br>जीतपुरसिमरा वडा नं.२,बारा | • प्रगति पुस्तिकामा भएको बिबिध सामाजिक खर्च बापत भएको १२ लाख के को लागी खर्च गरियो यो प्रस्ट पारी दिनु पर्यो ।<br>• वडा नं. २ को व्यायामको सामान खरिद भएको भन्ने सुनेको छु तर त्यो कहाँ छ जानकारी दिनु पर्यो? | नगरप्रमुख राजन पौडेल | • कार्यालयको अविलेख हेरी सो बारे जानकारी गराईने ।<br>• सम्बन्धित वडाकार्यालय संग बुझेर र जानकारी गराईने । |
| ९ | सानु पटेल : – सिमरा,बारा | • बिद्यालयको वर्गीकरण भएको छ कि छैन?<br>• प्रत्येक वर्ष बिद्यालयले सहयोग तथा अनुदानको नाममा बार्षिक ३५०० शुल्क उठाउने गरेको छ । यो गैह्रकानुनी भएन?<br>• खेलकुदमा बजेट छुट्याई खेलकुदमा खर्च गर्नु भएकोले खेलाडी उत्पादन गर्ने गरी कार्य गर्नुपर्यो खेल हुन्छ तर खेलाडी उत्पादनमा नगरको लगानी हुन सकेन ।<br>• एउटा खेललाई नगरले बिना टेन्डर | नगरप्रमुख राजन पौडेल | • खेलाडी उत्पादनको लागि उपमहानगरपालिकाले सोचे अनुसारका काम गर्न नसकेको बताउनु भयो ।<br>• खेलकुदमा दिदैं आएको अनुदानको बजेटमा आवश्यकता हेरी सबै खेलहरु लाई समेट्दै आएको र खेलको आकार प्रकार हेरी कार्यपालिका तथा नगरसभाको निर्णय अनुसार अनुदान दिने गरेकोले यसमा सेटिङ्ग भन्ने कुरा नरहेको बताउनु भयो । |

paltv MEDIA HUB

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | अनुदानको नाममा बार्षिक ५० लाख भन्दाबढी रकम दिन्छ यो सेटिङ्गमा दिएको होइन भने किन सधैं एउटै क्लबलाई दिइन्छ यसलाई प्रक्रियामा लगेर दिनु पर्ने हो की होइन जे गर्न पनि पाईन्छ? | | • प्रक्रियागत तरिकाले खेलकुदमा अनुदान दिदैं आएको र यसलाई थप व्यवस्थित गर्न निर्देश गरेको छु । |
| १० | साबित्री सिलवाल: जी.सि.वडा नं.४,बारा | • घरको नजिक रहेको छिमेकीले पालन गरेको कुखुरा / बुंगुरको खोरको गन्धले सधैं बिरामी हुने गरेको छु यस समस्याको समाधान खोजिदिनु पर्यो। | नगरप्रमुख राजन पौडेल | सम्वन्धित वडाकार्यालयमा जान गएर समस्या राख्न आग्रह । |
| ११ | राजमणी बराल शिक्षक : – जी.सि.वडा नं.१ ,बारा | • शिक्षकले मासिक तलब पाउन सकेको थिएन हाल नियमित रुपमा पाई राखेका छौं ।<br>• सामुदायिक विद्यालयहरूलाई मर्ज गर्नु पर्यो ।<br>• नियमित प्र.अ. हरुको बैठक राख्नु पर्यो। र १० वर्षदेखि निमित प्र.अ.ले बिद्यालय चलाउनु परेको छ यसको अन्त्य हुनु पर्यो ।<br>• शिक्षकहरुलाई तालिम दिनुपर्यो।<br>• २०% बजेट शिक्षामा लगानी गर्नुपर्यो। | नगरप्रमुख राजन पौडेल | • उपमहानगरपालिकाले वार्षिक वजेटको २० प्रतिशत भन्दा वढी शिक्षा क्षेत्रमा लगानी गरेको नगरप्रमुख राजन पौडेल दावी गर्नु भएको छ ।<br>• प्र.अ.हरुको क्षमतावृद्धिको लागि अन्तक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरिएको छ । |
| १२ | हरी चौधरी, जीतपुरसिमरा वडा नं. २ बारा | • खेलकुद विकास समिति किन गठन भएन?<br>• खेल खेलाउँदा नगरले दिएको | नगरप्रमुख राजन पौडेल | खेलकुद विकास समिति गठन प्रक्रिया अगाडी बढेको छ । समयमा भुक्तानीको लागि |

palty MEDIA HUB

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | अनुदानको रकम समयमा किन पाउन सक्दैन । | | सम्बन्धित शाखाहरु लाई निर्देश गरेको छ। कागजपत्र नपुगेको भए पुराउनु । |
| १३ | राम कुमार अर्याल :– जीतपुरसिमरा वडा नं. २,बारा | • संघीय ऐन र स्थानीय ऐन बाभिने गरी कार्य सम्पादन गर्नुपर्यो।<br>• सार्वजनिक सुनवाईको चौमासिक कार्यक्रम नियमित गर्नुपर्यो।<br>• नगर अस्पताललाई सुर्य नेपालले दिएको डाइलाइसिस मेशिन किन संचालन गर्न सकिएन यो कहिले देखि संचालनमा आउँछ ।<br>• ने.रा.मा.बि.सिमरामा २ किसिमको मन्टेश्वरी रहेको छ पैसा अनुसारको सुबिधा दिने गरेको छ । सौचालय समेत फरक फरक छ यसको अन्त्य हुनु पर्यो ।<br>• जीतपुरसिमरा गोल्डकपले नगरबाट ५१ लाख अनुदान पाउँछ फेरी नगरबासीले टिकट काटेर फुटबल हेर्नु पर्ने निशुल्क गर्नु पर्यो कि त भने अनुदान रकम दिनु भएन । | नगरप्रमुख राजन पौडेल | • सार्वजनिक सुनवाइ नियमित गर्ने प्रतिवद्धा मेयर राजन पौडेलले गर्नु भएको छ ।<br>• दक्ष जनशक्तिको अभावको कारण सुर्य नेपालले दिएको डाइलाइसिस मेशिन समयमा संचालन आउन नसकेको हो । जनशक्तिको लागि सुचना आह्वान भई सकेको छ ।<br>• सम्वन्धित विद्यालय सँग मन्टेश्वरी कक्षा संचालन बारे बुझ्न शिक्षा शाखालाई निर्देश गरेको छु ।<br>• जीतपुरसिमरा गोल्डकप आयोजक सँग छलफल गरेर सहज बनाईने छ । |
| १४ | ज्ञान प्रसाद ढकाल :– जीतपुरसिमरा वडा नं. ४,बारा | • भूमि सम्बन्धी बजेट छुटाएको थाहा हुन सकेन ।<br>• जग्गाको वर्गीकरण सम्बन्धी काम के | नगरप्रमुख राजन पौडेल | • उपमहानगरपालिकाले भूमि सम्बन्धी बजेट छुटाएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ...मई रहेको छ?<br>• गुठी संस्थानले भूमि सम्बन्धी अन्याय गरेको। जग्गाको बर्गिकरण हुनु पर्यो । वडा र गुठीबाट दोहोरो राजस्व लिने गरेको छ यसले नगरबासीलाई दोहोरो मारमा परेको छ ।<br>• जग्गा नापी र झगडा सम्बन्धी काम गर्नुपर्ने।<br>• योजना छनोटमा नगरबासीहरुको सहभागीता चाहियो। | | • जग्गाको वर्गिकरणको प्रक्रिया अन्तिम चरणमा रहेको छ ।<br>• गुठी संस्थान सँग समन्वय गरिने छ ।<br>• हरेक वडाकार्यालयहरुमा अमिनको सेवाहरु उपलब्ध छ ।<br>• आउँदो बजेट निर्माण गर्दा टोल टोलमा छलफल चलाईने छ । |
| १५ | घनश्याम थापा – जी.सि.वडा नं.१६,बारा | • २०८२ भाद्र २४ गतेको जेनजी आन्दोलनमा म माथी निजी घर जलाउन गएको झुठो मुद्दा लगाईयो किन म निर्दोष माथी मुद्दा हालियो । मैले न्याय पाउँछु की पाउँदिन । | वडा नं.१६ का वडाअध्यक्ष हरिदेव खरेल | घनश्याम थापाको प्रश्न २०८२ भाद्र २४ गतेको जेनजी आन्दोलनमा म माथी निजी घर जलाउन गएको झुठो मुद्दा लगाईयो किन म निर्दोष माथी मुद्दा हालियो । मैले न्याय पाउँछु की पाउँदिन । भन्ने प्रश्नमा मुद्दाको बिषय पुर्वमाननिय ज्वाला कुमारी साहको घर जलाउँदाको भएको र यो कानुनी प्रक्रिया भएकोले निर्दोष भएको कानुनले प्रमाणका आधारमा सफाई दिने र दोषी भए कारवाही हुने |

| | | | | |
|---|---|---|---|---|
| | | | | उनले बताए । |
| १६ | **बिपिन खापुङ – जी.सि.वडा नं.१६,बारा** | • जडीबुटी करको नाममा सिमेन्ट बोकेको गाडी सँग ठेकेदार कम्पनीले दादागिरीशैलीमा कर उठाउने गर्छ जडीबुटी करको नाम गैह्रकानुनी रुपमा उठाउने कर बन्द हुनु पर्यो ।<br>• कल्भर्ट निर्माण सम्बन्धी लगानी हुन जरुरी छ । | नगरप्रमुख राजन पौडेल | • शाखा सँग बुझेर जानकारी दिईने छ ।<br>• आउँदो बजेटमा प्रथामिकता दिइने छ । |
| १७ | **अजित खतिवडा – जी.सि. वडा नं.४,बारा** | • उपमहानगरपालिकाको CEO को रुपमा मेयर र उपमेयर हुन् तर काम त्यो अनुसार भएन ।<br>• इन्जिनियर किन स्थायी रुपमा आएन? सेटिङ्ग नमिलेको समस्या हो की?<br>• नगरमा लोकसेवा पास गरेर आएका इन्जिनियर किन ल्याउन सकिएन?<br>• नगर कर्मचारीहरु अफिसमा नै नबसेर मेयर / उपमेयर लाई प्रभाव पार्छ। | नगरप्रमुख राजन पौडेल | • मेयर उपमेयर पालिकाको CEO होइन, निर्वाचित जनप्रतिनिधी हो ।<br>• २०७६ सालमा लोकसेवा बाट आएको कर्मचारीपछि लोकसेवाको परिक्षा समेत सरकारले गर्न नसकेको बताउनु भयो । पालिकालाई थायी कर्मचारीको व्यवस्थापन गर्ने अधिकार नभएको र संघिय तथा प्रदेश सरकारको लोक सेवा पास गरेर आएका कर्मचारी मात्र थायी हुने भएकोले पालिकाले माग गर्दा समेत लोकसेवा पास गरेका कर्मचारीहरु पाउन नसकेको बताउनु भयो । जसले गर्दा |

paltv MEDIA HUB

| | | | | |
|---|---|---|---|---|
| | | | | पालिकाले करारमा कर्मचारी राख्नु पर्ने बाध्यता रहेको वताउनु भयो । |
| १८ | **बिरेन्द्र कुमार झा – जी.सि. वडा नं.३,बारा** | • पलटिङ्गमा घर बनाएर बसेका छौ । हामी बसेको गाँउमा पनि नाला र बाटो बनाउनु पर्यो। | नगरप्रमुख राजन पौडेल | • आउँदो वजेटमा प्रथामिकता दिइने छ । |
| १९ | **नारायण उप्रेती : – जीतपुरसिमरा-३,बारा** | • ट्राफिक सप्ताह कार्यक्रम गरेर पैसा सक्ने बाटो मात्र भयो तर सडकमा ट्राफिक लाइट व्यवस्थापन हुन सकेन दुर्घटनामा कमी आएन । | नगरप्रमुख राजन पौडेल | ६ लेन सडक (एसियन हाइवे)को स्वामित्व तथा दायित्वहरु संघिय सरकारसँगको भएकोले पालिकाले चाहेर पनि केही गर्न नसकेको वताउनु भयो । |
| २० | **बेनी प्रसाद तिमल्सिना : – जी.सि.वडा नं. २,बारा** | • विकासका कार्यक्रम किन एकीकृत हुँदैन? पार्किङ व्यवस्थापन किन हुँदैन?<br>• इ-रिक्साको पार्किङको व्यवस्थापन हुनुपर्यो। ई-दर्ता किन भएन?<br>• सूर्य नेपालसँग सम्झौता गरेर पनि फोहोर मैला व्यवस्थापन किन हुन सकेन? विरगंज महानगरले गर्न सक्ने तर जीतपुरसिमराले किन गर्न सकेन ।<br>• गुठी संस्थानको जग्गामा दोहोरो स्वामित्व भयो। | नगरप्रमुख राजन पौडेल | • उपमहानगरपालिकाले सुर्य नेपालको सहकार्यमा फोहोर व्यवसथापनको लागि प्रशोधन केन्द्र राख्न खोज्दा वडा नं.५ र वडा नं.४ मा बिरोध भएपछि सहकार्य हुन नसकेको स्मरण गराउनु भयो ।<br>• इ-रिक्साको पार्किङको लागि स्थान पहिचान गर्ने काम भई राखेको छ ।<br>• गुठी संस्थानसँग समन्वय गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| २१ | राम दास धौजु जीतपुरसिमरा वडा नं.१,बारा | बन सँग सम्बन्धित<br>• वडा नं.१,२,३,४,२१,२२ सहितका बन सँग जोडिएका वडाहरुका बासिन्दाले बाँदर,निल गाई जस्ता जनवारहरुको आतंकको सास्ती खेप्नु परेको छ यसको नियन्त्रण कहिले हुन्छ?<br>• टोलमा बनेका भएका नालाहरु जाम भएर अबरुद्ध भएको छ यसको समाधान हुनु पर्यो । | डिभिजन बन कार्यालय सिमरा बाराका प्रमुख बनअधिकृत राजिब कुमार झा. | रामदास धौजुले गरेको जनवारको आतंक सम्वन्धमा उनले जनवार नियन्त्रणको लागि तारवार भई रहेको बताए । उनले बाँदरको समस्या समाधानको लागि केन्द्रिय सरकारले बिशेष योजना बनाएर काम गरेमा मात्र सहज हुने बताए । आफुहरुले पनि जंगली जनवारको आक्रमण,नियन्त्रणका प्रयाशहरु गरेको दावी गरेका छन् । |
| २२ | कृष्ण रिमाल : – जी.सि.वडा नं.२,बारा | • सिमरा चोक देखि पश्चिम तर्फ जाने पावरहाउस रोड कहिले पिच हुन्छ?<br>• पावरहाउसदेखि महिला सहकारीसम्मको बाटोमा स्थानियले नाला र बाटो मेचेर अतिक्रमण गरेका छन् यो कहिले हट्छ?<br>• हामादेखि जगदम्बा सम्म १७ कठ्ठा ५ धुर अतिक्रमण भएको छ। यसको समाधान कहिले हुन्छ। | नगरप्रमुख राजन पौडेल | • पालिकाको आन्तरिक स्रोतवाट बजेट अपुग हुदाँ काम हुन सकेन । प्रदेश र संघिय सरकारसँग पहल भई राखेको छ ।<br>• अतिक्रमण बारे नापचाँच गरिने छ ।<br>• जिल्ला प्रशासन कार्यालयलाई जानकारी भई सकेको छ यस बारे उपमहानगरपालिकाले थप पहल गर्ने छ । |

paltv MEDIA HUB

| | | | | |
|---|---|---|---|---|
| २३ | अमृत बस्याल, जी.सि. वडा नं. १,बारा | • नगरमा भएका शौचालय किन प्रयोगमा आउँदैन।<br>• ट्राफिक लाइटको व्यवस्थापन भएन ।<br>• १० औं नगर सभामा भएको तोडफोडको क्षतीपुर्ती कसरी असुल उपर भई रहेको छ?<br>• फत्तेपुरको पानीको व्यवस्थापन के छ? | नगरप्रमुख राजन पौडेल | सौचालयको व्यवस्थानको लागि गृहकार्य अगाडी बढाईने छ। ट्राफिक लाईटको व्यवस्थापक पालिकाको नभई संघिय सरकारको रहेकोले पालिकाले व्यवस्थापनको लागि ताकेता गरि राखेको वताउनु भयो । खानेपानी व्यवस्थापनमा प्रदेश सरकारको प्रमुख भुमिका भएकोले पालिकाले पहल गरि राखेको छ । |
| २४ | अभिषेक कर्ण – जी.सि. वडा नं.२,बारा | • नगरले बनाएको भ्याट अफिस नजिकको नालाहरु घरको सतहभन्दा २ फिट माथी कसरी भयो ।<br>• स्थानीय पाठ्यक्रमको किताब किन? गुणस्तरमा कमजोर छ। | नगरप्रमुख राजन पौडेल | सम्वन्धित शाखालाई समस्या बारे जानकारी गराई सुधारको लागि निर्देश गरेको छु ।<br><br>गुणस्तरमा ध्यान दिईने छ । |
| २५ | गंगा मैनाली – जी.सि.वडा नं. १६,बारा | • अस्थायी सरकार र स्थायी सरकार।<br>• प्रगति पुस्तिकाको पेज नं. ४४मा बेरुजुको कुरा छ, जहाँ ९० करोड बेरुजु उपमहानगरपालिकाको बेरुजु फछ्र्यौट हुनु पर्यो। | नगरप्रमुख राजन पौडेल | उपमहानगरपालिकामा देखिएको वेरुजु घटाउनको लागि उपमहानगरपालिकाको कार्यालयले उपभोक्ता समिति देखि सरोकारवाला व्यक्ति तथा निकायहरुलाई पत्र काट्ने पेश्की तथा रकम वढी गएको भए फिर्ता गराउने नपुग कागजपत्र माग गर्ने काम पालिकाले गरि राखेको वताउनु भयो । |

| | | | | |
|---|---|---|---|---|
| २६ | **ओम पाण्डे – जी.सि.वडा नं.१५,बारा** | • नं.रा.मा.वि.डुमरवानाको जग्गा अपि हाइड्रोपावरलाई ३० बर्षको लागि भाडामा दिएको छ यो कुन नियम र कानुन अनुसार दिएको हो?<br>• वडा नं.१५ मा रहेको Ex-चिल्ड्रेन विद्यालयले गुठी संस्थानमा जान्छु भन्दा पनि किन जान दिईएन ।<br>• सिमरा – बडहर्वा जाने बाटोको वडा नं.१५ को बेङ्गगाई पुल जिर्ण भई सकेको छ त्यहाँ पुल कहिले बन्छ ।<br>• डुमरवानाको खानेपानीको साधारण सभा १०/१२ बर्षदेखि हुन सकेको छैन। | नगरप्रमुख राजन पौडेल | विद्यालय स्वायत निकाय भएकोले विद्यालयले आफ्नो प्रक्रिया पुराई जग्गा भाडामा लगाउन मिल्ने देखिन्छ ।<br>गुठी संस्थानमा लैजानको लागि पहल गर्ने छु ।<br>सिमरा–बडहर्वा जाड्ने बाटो बनाउन आन्तरिक स्रोतले नभ्याउने भएकोले प्रदेश र संघ सरकारसँग पहल गरेको छु ।<br>डुमरवानाको खानेपानीको साधारण सभा सम्बन्धमा सम्वन्ति संस्थासँग बुझ्ने छु । |
| २७ | **शरद चन्द्र भट्टराई संचारकर्मी: जी.सि.वडा नं.१५** | • नदीजन्य पदार्थको ठेक्काबाट गुमाएको राजस्व के हो?<br>• केही वडा अध्यक्षको संलग्नतामा नदीजन्य पदार्थमा र वालुवा प्रशोधन केन्द्र कति छ? वडा अध्यक्षको लगानीको क्रसर उद्योग व्यवसाय छ यसको खोजी हुनु पर्यो । | नगरप्रमुख राजन पौडेल<br><br>वडा नं.१६ का वडाअध्यक्ष हरिदेव खरेल | • खोलाको ठेक्का लगाउने निकाय पालिका भएपनि त्यसलाई नियमन गर्ने निकाय संघिय सरकार माथहतको अन्य निकाय भएकोले त्यसमा पालिकाले चाहेर पनि हस्तक्षेप गर्न नसकिने बताउनु भयो ।<br>• जीतपुरसिमरा वडा नं.१६ मा रहेको वालुवा तथा क्रशरका प्लान्टहरु आफु आउनु भन्दा पहिलादेखि भएकोले सम्वन्धित निकायमा आफुले |

| | | | | |
|---|---|---|---|---|
| | | | | ताकेता गरेको बताउनु भयो । |
| २८ | **राम चन्द्र न्यौपाने – जी.सि.वडा नं.१,बारा** | • रामजानकी मन्दिर साइडमा सटर बनाउनु पर्यो। किन परेन।<br>• गुठीको जग्गा बाणलिङ्गेश्वरको जग्गा किन बेचियो। उक्त जग्गा फिर्ता ल्याउनु पर्यो ।<br>• दुधौरा र थानीमाईको कुलोको मर्मत गर्नुपर्यो।<br>• संस्कृती पढाउने गुरुकुल संचालन किन भएन। | नगरप्रमुख राजन पौडेल | सटरहरु व्यवस्थापनको लागि उपमहानगरपालिकाले योजना बनाउँदै छ ।<br>कुलो मर्मतको लागि के के गर्नु पर्ने हो स्थलगत अवलोकन गरि समस्याको समाधान खोजिने छ ।<br>स्रोतको अभाव छ स्रोत व्यवस्थापन गरि गुरुकुल संचालन प्रक्रिया अगाडी बढाईने छ । |
| २९ | **चण्डीका अधिकारी थारु जी.सि. वडा नं.१५,बारा** | • सिमसार क्षेत्र र पैनी सफाइ किन हुन सकेन । समयमा पैनी सफाइ गर्नुपर्यो। | नगरप्रमुख राजन पौडेल | पैनी सफाई गराउने कार्य भई राखेको छ । |
| ३० | **अतिष श्रेष्ठ: जि.सि.वडा नं.४,बारा** | • युवालाई रोजगारीको व्यवस्था किन गर्न सकिएन के हामीले पनि झोला बोक्नु पर्ने हो? | नगरप्रमुख राजन पौडेल | स्वरोजगार मुखी तालिम संचालनको लागि तयारी भई राखेको छ । |
| ३१ | **लक्ष्मण देवकोटा: जी.सि. वडा नं.१५,बारा** | • जनकल्याण आधारभुत बिद्यालयको ८० लाखको भवन निर्माण किन रोकियो? | नगरप्रमुख राजन पौडेल | निर्माण कम्पनी सँग बुझेर जानकारी दिईने छ र तत्काल निर्माण कार्य अगाडी बढाईने छ । |
| ३२ | **मुकेश साह, जी.सि. वडा नं.७,बारा** | • जीतपुरको गुदुरी बजार किन व्यवस्थित हुन सकेन । बजारमा हिलो हुने र सौचालयको समेत राम्रो सुबिधा छैन । | वडा नं.७ का वडाअध्यक्ष सुनिल गुप्ता । | मुकेश साहले गरेको प्रश्नमा उनले जीतपुर बजारलाई व्यवस्थित गर्न नसेको स्वीकार गरेका छन् । उनले मेयर राजन |

palty MEDIA HUB

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | • नगरले सटर भाडा उठाउने समयमा गरेको सम्झौता तथा सहमतीहरु किन पालना भएन? | | पौडेलले आफ्नो वडालाई व्यवास्ता गरेका कारण यो समस्या आएको बताए । उनले आफ्नै वडाकार्यालयमा समेत सौचालय नभएर अनेत्र जानु पर्ने बाध्यता रहेको बताए । |
| ३३ | **पत्रकार एस्.एस् पटेल,जी.सि. वडा नं.७,बारा** | • जीतपुर बजारमा बनेको सौचालय प्रयोग बिहिन भयो । त्यहाँ अगाडी बनेको अस्थायी टहराहरु हटाउनु पर्यो । | नगरप्रमुख राजन पौडेल | अतिक्रमण हटाउनको लागि प्रयासहरु गरिने छ । |

**नोटः** माथी प्रस्तुत गरिएका प्रश्न,जिज्ञासा र सुझावहरु कार्यक्रम स्थालमा प्रत्येक्ष सोधिएका प्रश्नहरु हुन् । ति बाहेक पनि सहभागीहरुले कार्यक्रममा बितरण गरिएको पहेलो रंगको सुझाव गुनासो संकलन फारममा थप लिखित दिएका छन् । उक्त फारम समेत यसै प्रतिवेदनमा समावेश गरेका छौं ।

प्रतिवेदन दिएको मितिः २०८२/१२/१२

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत

pal tv MEDIA HUB

## ८. सम्बोधन तथा जवाफ (Responses from Officials)

**सार्वजनिक सुनुवाइका क्रममा उठेका बिषयमा मञ्चबाट कसले के बिषयहरु जवाफ दिए,सम्बोधन गरे भन्ने बिषयमा संक्षिप्त टिपोट :-**

आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख करअधिकृत दिनेश पाण्डेको तर्फबाट गरिएको सम्वोधन :-

निर्माण ब्यवसायी राजेन्द्र गौतमले राजस्व कार्यालयले उपमहानगरपालिकाले समयमा राजस्व दाखिला नगर्ने त्यसको जरिवाना चाहि किन ब्यवसायी सँग असुल्ने भन्ने प्रश्नमा उनले यसको लागि निर्माण ब्यवसायीले सम्बन्धित पालिकालाई ब्यवसायीले ताकेता गर्नु पर्ने बताए । त्रिपक्षिय सहकार्य र निकायहरु जिम्मेवार बने यस्तो किसिमको समस्या नआउने र समस्या समाधानको लागि पालिकासँग थप छलफल हुने उहाँले बताउनु भयो ।

डिभिजन बन कार्यालय सिमरा बाराका प्रमुख बनअधिकृत राजिव कुमार झा.को तर्फबाट गरिएको सम्बोधन :-

- वडा नं. १६, रबिना डंगोल भट्टराईको ऐलानी जग्गामा बन्दै गरेको घरको निर्माण कार्य रोकिनुको कारणमा उनले बन क्षेत्रसँग जोडिएको ऐलानी जग्गाहरु बनको अतिक्रमित जग्गा हुने भएकोले त्यस्ता क्षेत्रमा निर्माण भएको बिषयमा बनले अनुगमन गर्ने,नयाँ भौतिक संरचना निर्माण हुन नदिने र आफुहरुले ऐलानीसँग सम्बन्धित प्रमाणहरु मागेको र प्रमाण पुगेको निर्माणको लागि अवरोध नगरेको बताए । त्यस्तो समस्या भए प्रमाण पेश गर्न समेत आग्रह गरेका छन् ।
- वडा नं.१ का रामदास धौजुले गरेको जनवारको आतंक सम्बन्धमा उनले जनवार नियन्त्रणको लागि तारबार भई रहेको बताए । उनले बाँदरको समस्या समाधानको लागि केन्द्रिय सरकारले विशेष योजना बनाएर काम गरेमा मात्र सहज हुने बताए । आफुहरुले पनि जंगली जनवारको आक्रमण,नियन्त्रणका प्रयाशहरु गरेको दाबी गरेका छन् ।

**प्रमुख प्रशासकिय अधिकृत डमरु प्रसाद निरौला:** जीतपुरसिमरा उपमहानगरपालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृत डमरु प्रसाद निरौलाले प्रशासनिक सेवाहरु सुधार भएको अनुभुती हुनेगरी आफुहरु नगरको काममा लाग्ने प्रतिबद्धता ब्यक्त गरेका छन् ।

**वडा नं.७ का वडा अध्यक्ष सुनिल गुप्ता :** जीतपुरसिमरा उपमहानगरपालिकाका वडा नं.७ का वडा अध्यक्ष सुनिल गुप्ताले मुकेश साह र पत्रकार एस.एस.पटेलले गरेको प्रश्नमा उनले जीतपुर बजारलाई ब्यवस्थित गर्न नसेको स्वीकार गरेका छन् । उनले मेयर राजन पौडेलले आफ्नो वडालाई ब्यवास्ता गरेका कारण यो समस्या आएको बताए । उनले आफ्नै वडाकार्यालयमा समेत सौचालय नभएर अनेत्र जानु पर्ने बाध्यता रहेको बताए ।

**वडा नं.१६ का वडा अध्यक्ष हरिदेव खरेल :** प्रश्नको जवाफ दिदैं वडाअध्यक्ष खरेलले **भने** वडा नं. १६ की रबिना डंगोल भट्टराईले घर निर्माण गर्दा सार्वजनिक बाटो मिचेर घर बनाएपछि वडा कार्यालयले निर्माण कार्य रोकेको हो । उनले सार्वजनिक बाटो,सार्वजनिक जग्गा अतिक्रमण गरेर वडाबासी नगरबासीहरुले घर निर्माण गर्न नहुने बताए ।

घनश्याम थापाको प्रश्न २०८२ भाद्र २४ गतेको जेनजी आन्दोलनमा म माथी निजी घर जलाउन गएको झुठो मुद्दा लगाईयो किन म निर्दोष माथी मुद्दा हालियो । मैले न्याय पाउँछु की पाउँदिन । भन्ने प्रश्नमा मुद्दाको बिषय पुर्वमाननिय ज्वाला कुमारी साहको घर जलाउँदाको भएको र यो कानुनी प्रक्रिया भएकोले निर्दोष भएको कानुनले प्रमाणका आधारमा सफाई दिने र दोषी भए कारवाही हुने उनले बताए ।

CamScanner

वडा नं.१५ का सरद चन्द्र भट्टराईको प्रश्नमा उनले आफुले वडाअध्यक्षको पदमा बसेर कुनै पनि बालुवा पलान्ट संचालन नगरेको र नयाँको लागि अनुमती समेत नदिएको बताए । आफु निर्वाचित हुनुभन्दा अगाडी देखिनैं संचालन रहेका बालुवा पलान्टहरु मापदण्डमा रहे नरहेको बारे छनबिन गर्न जिल्ला प्रकाशन कार्यालय बारा,जिल्ला समन्वय समिति पत्रचार समेत गरेको उनले बताए ।

**जीतपुरसिमराका उपमेयर भोला प्रसाद अधिकारी:** उनले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिँदै भने तपाईहरुको प्रश्न गुनासा र सुझावहरु दिन यस्तो सार्वजनिक सुनवाई कार्यक्रमनैं कुर्नु नपर्ने जहिले जुनसुकैं समयमा सबैका लागि २४ वटा वडाकार्यालय र उपमहानगरपालिकाको कार्यालय खुल्ला रहेको उनले बताए । उठेका प्रश्न जिज्ञासाहरुको हल गर्न आफ्नो तर्फबाट सक्दो लाग्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ ।

**जीतपुरसिमराका मेयर राजन पौडेल** : नगरप्रमुख राजन पौडेलले सार्वजनिक सुनवाई कार्यक्रमलाई सम्बोधन गर्दै उपमहानगरपालिकाले अब देखि हरेक चौमासिकमा सार्वजनिक सुनवाइ कार्यक्रम गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । नागरिक अभिमतमा उठेका प्रशासनिक झमेला देखि अतिरिक्त पैसा नदिए सम्म काम हुदैन भन्ने बिषयमा प्रमुख प्रशासकिय अधिकृत,शाखा प्रमुखहरु लाई यस बारे बिशेष निगरानी राख्न र यस्तो गरेको पाईएमा सम्बन्धित कर्मचारी तत्काल कारवाहीको दायरामा ल्याउन समेत निर्देशन दिनु भएको थियो । सहभागीहरुले उठाएका प्रश्नहरु लाई सम्बोधन गर्दै नगरप्रमुख राजन पौडेलले बजेट बनाउने क्रममा वडागत रुपमा टोल टोलमा भेला गरेर बजेट बारे छलफल गरेर बजेट निर्माण गर्ने बताउनु भयो । पौडेल नगरले बनाएका बिकास निर्माणमा देखिएको फिनिसिङ्गमा प्राबिधिक त्रुटीहरु भएको स्वीकार गरेका छन् । खानेपानिको व्यवस्थापनका लागि संस्थानहरु प्रदेश माथहतमा रहेको र पालिकालाई स्तान्तरण नगरेकोले पालिकाले स्वामित्वग्रहण गर्न समस्या भएको बताउनु भयो । सडकको पोलहरु बिजुलीको व्यवस्थापनमा संघिय सरकार अन्तरगत पर्ने, सडकको ट्राफिक लाइट संघिय सरकार माथहतमा रहेकोले पालिकाले सम्बन्धित निकायलाई पटक पटक ताकेता गर्दा समेत त्यसको काम कारवाही हुन नसकेको नगरप्रमुख राजन पौडेल बताउनु भयो । २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनपछि राज्यसंयन्त्रहरु कमजोर भएकोले सडक देखि सार्वजनिक जग्गाहरुमा अतिक्रम बढ्दो भएकोले त्यसको संरक्षणमा समस्या भएको नगरप्रमुख राजन पौडेलले बताउनु भयो । फोहोर व्यवस्थापनमा स्थानियहरुको साथ नपाएको समेत जिकिर गर्नु भएको थियो ।

## ९. निर्णय तथा प्रतिबद्धता (Decisions & Commitments)

मेयर राजन पौडेलद्वारा सार्वजनिक सुनवाइ कार्यक्रम चौमासिक रुपमा नियमित आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रमुख प्रशासकिय अधिकृत डमरु प्रसाद निरौलाद्वारा प्रशासनिक सेवा सुधार र प्रशासनिय सेवाहरु चुस्तदुरुस्त र नियमित रहने प्रतिबद्धता गरेका छन् ।

सेवा सुधारका लागि कार्ययोजना तयार गर्ने ।

आयोजनाहरुको नियमित अनुगमन गर्ने ।

गुनासो दर्ता प्रणालीलाई सुदृढ बनाउने ।

**१०. निष्कर्ष (Conclusion)** : सार्वजनिक सुनुवाइ कार्यक्रमले संस्थाको सेवा प्रवाहमा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेल्नुको साथै जनसहभागिका बृद्धी आउने छ । प्राप्त सुझावहरू कार्यान्वयन गरिएमा सेवाको गुणस्तर वृद्धि हुने अपेक्षा गरिएको छ।

CS CamScanner

११. सार्वजनिक सुनवाइमा उठेका प्रश्न,जिज्ञासा र सुझावहरु लाई आधार मानेर हामीले उपमहानगरपालिकाको कार्यालयलाई कार्यक्रम सहजीकरण संस्थाको हैसियत निम्न विषयमा सुझावहरु प्रस्तुत गरेको छौं । (Recommendations)

कार्यक्रममा सहभागिजनताबाट प्राप्त गुनासाहरूमा सबैभन्दा बढी सडक तथा पूर्वाधारको गुणस्तर, शिक्षा क्षेत्रको व्यवस्थापन, स्वास्थ्य सेवाको पहुँच, बजेट/भुक्तानीमा पारदर्शिता, भूमि तथा अतिक्रमण समस्या, र सरसफाइ/खानेपानी का विषय उठेका छन्। वडा र नगरबीच योजना समन्वय, नियमित अनुगमन, समयमै भुक्तानी, तथा सार्वजनिक सेवामा स्पष्ट सूचना प्रवाहको आवश्यकता देखिन्छ।

**१. पूर्वाधार र प्राविधिक क्षेत्रमा सुझाव**

गुणस्तर परीक्षण (Third Party Audit): सूर्य नेपालले बनाएको बाटो राम्रो र नगरपालिकाले बनाएको तुरुन्तै बिग्रिएको गुनासो आएकाले, अबदेखि निर्माण सम्पन्न हुनुअघि स्वतन्त्र प्राविधिक टोलीबाट गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्छ।

मर्मत सम्भार कोषको परिचालन: सडकका खाल्डाखुल्टी पुर्न र जिर्ण पुलहरूको तत्काल मर्मत गर्न एक 'क्विक रेस्पोन्स टिम' (Quick Response Team) परिचालन गर्नुपर्छ।

अनुगमनमा कडाइ: इन्जिनियरहरू कार्यक्षेत्रमा नखटिएको गुनासो रहेकाले, निर्माणस्थलबाटै 'डिजिटल हाजिरी' वा 'जियो-ट्यागिङ' मार्फत अनुगमन गर्ने प्रणाली बसाल्नुपर्छ।

**२. शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार**

नि:शुल्क शिक्षाको पूर्ण कार्यान्वयन: कक्षा १२ सम्म नि:शुल्क भनिए पनि शुल्क लिने विद्यालयहरूलाई स्पष्टीकरण सोध्ने र नियम विपरीत शुल्क लिनेको अनुदान रोक्का गर्नुपर्छ।

औषधीको सुनिश्चितता: रेबिज भ्याक्सिन र एच.आई.भी. को औषधी जस्ता संवेदनशील वस्तुहरू 'बफर स्टक' मा राख्ने र डाइलाइसिस मेसिन तत्काल सञ्चालनमा ल्याउन प्राविधिक जनशक्ति करारमा भए पनि भर्ना गर्नुपर्छ।

विद्यालय सुशासन: प्र.अ. हरूको नियमित बैठक बस्ने र विद्यालयको खर्च विवरण प्रत्येक त्रैमासिकमा सार्वजनिक (Social Audit) गर्न अनिवार्य गर्नुपर्छ।

**३. राजस्व र आर्थिक पारदर्शिता (मुख्य सुझाव)**

बेरुजु फछ्र्यौट कार्ययोजना: ९० करोडको बेरुजु नगरको साखका लागि घातक छ। यसका लागि एक छुट्टै 'बेरुजु फछ्र्यौट कार्यदल' गठन गरी असुल उपर गर्नुपर्ने रकम तुरुन्त असुल गर्ने र कागजात मिलाउनुपर्ने विषयलाई तत्काल टुंग्याउनुपर्छ।

नदीजन्य पदार्थको डिजिटल ठेक्का: ढुङ्गा, गिट्टी र बालुवाको ठेक्कामा हुने अनियमितता रोक्न 'ई-टेण्डरिङ' र नाकाहरूमा सिसीटिभी (CCTV) क्यामेरा जडान गरी कडाइ गर्नुपर्छ।

Policy MEDIA HUB

CamScanner

स्वार्थको द्वन्द्व (Conflict of Interest) अन्त्य: जनप्रतिनिधिहरू आफैं क्रसर वा निर्माण व्यवसायमा संलग्न हुँदा सुशासनमा प्रश्न उठेकाले, यस्ता व्यवसायमा संलग्न पदाधिकारीलाई अनुगमन समितिबाट बाहिर राख्ने नीति लिनुपर्छ।

### ४. सुशासन र प्रशासनिक सुधार

बजेटको न्यायोचित वितरण: ५१ लाख वा अन्य बजेट वितरण गर्दा भूगोल र आवश्यकताका आधारमा गर्नुपर्छ। 'एउटै शीर्षकमा तीन ठाउँमा बजेट' हुने दोहोरोपन हटाउन 'एकीकृत योजना तर्जुमा प्रणाली' लागू गर्नुपर्छ।

सार्वजनिक सम्पत्तिको संरक्षण: ऐलानी र गुठी जग्गाको लगत संकलन गरी सीमांकन (Fencing) गर्ने र अतिक्रमण गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ।

नागरिक वडापत्रको पालना: हाकिम वा कर्मचारी कार्यकक्षमा नहुने समस्या समाधान गर्न 'टाइम कार्ड' प्रणाली लागू गर्ने र सेवाग्राहीलाई समयमै सेवा दिने ग्यारेन्टी गर्नुपर्छ।

### ५. सामाजिक र वातावरणीय सुझाव

फोहोरमैला र प्लास्टिक नियन्त्रण: ४० माइक्रोन भन्दा कमका प्लास्टिक निषेध गर्ने निर्णयलाई कडाइका साथ लागू गर्न बजार अनुगमन बढाउनुपर्छ। ध्वनि प्रदूषण: डि.जे. साउन्ड र अनावश्यक ध्वनि प्रदूषण रोक्न निश्चित मापदण्ड तोक्ने र उल्लंघन गर्नेलाई जरिवाना गर्नुपर्छ।

युवा स्वरोजगार: परम्परागत तालिम भन्दा बजारमा माग भएका (जस्तै: मोबाइल मर्मत, प्लम्बिङ, कृषि प्रशोधन) सिपमूलक तालिममा जोड दिनुपर्छ।

निष्कर्ष:

नगरपालिकाले यी गुनासाहरूलाई केवल आलोचनाको रूपमा मात्र नलिनु हुँदैन। सार्वजनिक सुनुवाइमा उठेका बुँदाहरूलाई 'बुँदागत प्रतिबद्धता पत्र' तयार गरी कुन काम कहिलेसम्म सम्पन्न गर्ने हो, त्यसको समयसीमा (Timeline) सार्वजनिक गर्दा नागरिकको विश्वास पुन: प्राप्त गर्न सकिन्छ।

### १२.नागरिक अभिमत

हामीले उपमहानगरपालिकाको कार्यालय जीतपुरमा सेवा लिन आउने १०० जना सेवाग्राहीहरु लाई सोधिएका प्रश्नहरुबाट नागरिक प्रतिवेदन पत्र र नागरिक अभिमत तयार गरेका छौं । उक्त सर्वेक्षणले नागरिक प्रतिवेदन पत्रको अवस्था यस्तो देखाएको छ ।

**सेवाग्राहीको उमेर समूह :-**

१. १६ देखि २४ वर्षसम्मका २७ प्रतिशत

२. २५ देखि ३९ वर्षसम्मका ४१ प्रतिशत

३. ४० वर्ष देखि माथिका ३२ प्रतिशत

**सेवाग्राहीको शैक्षिक योग्यता**

१. निरक्षर ३४ प्रतिशत

२. साक्षर ४३ प्रतिशत

३. मा.वि. तह १७ प्रतिशत

४. उच्च शिक्षा ६ प्रतिशत

१. सेवाको सन्तुष्टिमा हामीले ३ भागमा बडेका थियौं । जसमा यी तिन विकल्प मध्ये १ रोज्नु पर्ने थियो । (सन्तुष्ट । ठिकै । असन्तुष्ट)

**हामी गरेका सोधेका प्रश्नहरु :-**

१. तपाईंले यस कार्यालयबाट पाउने सेवामा समग्रमा कतिको सन्तुष्टि हुनुहुन्छ?

सन्तुष्ट ४६ प्रतिशत । ठिकै ३९ प्रतिशत । असन्तुष्ट १५ प्रतिशत

२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाईंको कतिको सन्तुष्टि हुनुहुन्छ?

सन्तुष्ट ४० प्रतिशत । ठिकै ३८ प्रतिशत । असन्तुष्ट १२ प्रतिशत

**सेवाको नियमितता तर्फ :-**

१. नागरिक वडापत्र अनुसार तपाईंले प्राप्त गरेको सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ?

सन्तुष्ट ३१ प्रतिशत । ठिकै ४७ प्रतिशत । असन्तुष्ट २२ प्रतिशत

२. कार्यालयमा नियमित रुपमा कर्मचारीको उपस्थिति, समय पालन, कार्य चुस्तता सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ?

सन्तुष्ट ३२ प्रतिशत । ठिकै ४९ प्रतिशत । असन्तुष्ट १९ प्रतिशत

३. तपाईं सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो?

तिरेको २७ प्रतिशत, एकदमै कम ४२ प्रतिशत, तिरेको छैन ३१ प्रतिशत

४. यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउँछ?

एक दिन ५१ प्रतिशत, दुई दिन ३० प्रतिशत, धेरै दिन १९ प्रतिशत

**सेवाप्रतिको जनविश्वास तर्फ :-**

१ यस संस्थाले दिने सेवा प्रति तपाईं कतिको विश्वस्त हुनुहुन्छ?

विश्वस्त ४३ प्रतिशत, ठीक ३० प्रतिशत, अविश्वस्त २७ प्रतिशत

२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नु भएको छ?

palika MEDIA HUB

CamScanner

धेरै २६ प्रतिशत, ठीकै ४० प्रतिशत, गरेको छैन ३४ प्रतिशत

३.यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईंको विश्वास कतिको छ?

धेरै २९ प्रतिशत, ठीकै ४९ प्रतिशत, विश्वास छैन २२ प्रतिशत

४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ?

छ मा २० प्रतिशत, छैन मा ४१ प्रतिशत, अलिकति थाहा छ मा ३९ प्रतिशत

**सेवाको गुणस्तर तर्फ :-**

१ यस कार्यालयबाट सेवा लिँदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ?

सन्तुष्ट ५२ प्रतिशत, कम सन्तुष्ट ३१ प्रतिशत, असन्तुष्ट १७ प्रतिशत

२. तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो?

आफै ६८ प्रतिशत, ठुला बडाको १० प्रतिशत, मध्यस्थकर्ताको २२ प्रतिशत

३ यस कार्यालयमा तपाईंले एउटा कामका लागि कति पटक धाउनु पर्यो?

१ पटक ५७ प्रतिशत, २ पटक २५ प्रतिशत, धेरै पटक १८ प्रतिशत

**सेवा सम्बन्धी जानकारी तर्फ :-**

१ कार्यालयको भौतिक अवस्था कस्तो छ?

अति राम्रो ५१ प्रतिशत, ठीकै ३४ प्रतिशत, नराम्रो २५ प्रतिशत

२. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ?

अति राम्रो ३७ प्रतिशत, ठीकै ४१ प्रतिशत, खासै राम्रो छैन २२ प्रतिशत

३ कार्यालयमा भएको नागरिक वडापत्र बारे तपाईंलाई जानकारी छ?

छ ३९ प्रतिशत, आंशिक ३६ प्रतिशत, छैन २५ प्रतिशत

**नागरिक वडापत्र र उजुरी पेटिका सम्बन्धमा तर्फ:-**

१ तपाईंको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन्?

धेरै २७ प्रतिशत, कम ६३ प्रतिशत, गरेका छैनन् १० प्रतिशत

२ तपाईंको विचारमा सेवाप्रदायकले नागरिक वडापत्र अनुसार कति हदसम्म सेवा प्रदान गरे जस्तो लाग्छ?

धेरै १७ प्रतिशत, कम ६१ प्रतिशत, गरेका छैनन् ३२ प्रतिशत

३ तपाईंको विचारमा उजुरी पेटिकाको उपयोग कति हदसम्म भएको छ?

Palty MEDIA HUB

CamScanner

धेरै २६ प्रतिशत, कम ४२ प्रतिशत, गरेका छैनन् ३२ प्रतिशत

**प्रश्नावली भाग २, नागरिक प्रतिवेदन पत्र, सिफारिस सम्बन्धी तर्फ :-**

१. सिफारिसको लागि चाहिने आवश्यक कागजातहरूको स्पष्ट जानकारी

पाए ५० प्रतिशत, ठीकै पाए ४२ प्रतिशत, स्पष्ट पाइन ३२ प्रतिशत

२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपर्यो ?

दिए ३९ प्रतिशत, थोरै दिए १० प्रतिशत, दिएन ५१ प्रतिशत

३ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ?

सहज ४१ प्रतिशत, ठीकै २३ प्रतिशत, अप्ठ्यारो २६ प्रतिशत

४ योजनाहरूको जाँचपास गर्दा प्राविधिकहरूलाई रकम दिनुपर्छ?

पर्दैन ७० प्रतिशत, मागेर लिन्छन् १ प्रतिशत, नदिए अप्ठ्यारो पर्छन् २९ प्रतिशत

हामीले उपमहानगरपालिकाको कार्यालयमा गरेको अनुगमनका क्रममा संकलन गरेको विवरणको आधारमा प्राप्त नागरिक अभिमतको अवस्था यस्तो छ ।

**सेवाग्राहीको उमेर समूह तर्फ :-**

१८ देखि २५ सम्मका ३० प्रतिशत

२६ देखि ४५ सम्मका ४२ प्रतिशत

४५ भन्दा माथिका २८ प्रतिशत

शैक्षिक स्तर तर्फ

निरक्षर २२ प्रतिशत

साक्षर २८ प्रतिशत

माध्यमिक तह ३४ प्रतिशत

उच्च शिक्षा १६ प्रतिशत

**सेवाग्राहीको जाति तथा समुदाय तर्फ :-**

दलित ३ प्रतिशत,

आदिवासी / जनजाति ३७ प्रतिशत

ब्राह्मण क्षेत्री २१ प्रतिशत

मुस्लिम / मधेसी ३९ प्रतिशत

CamScanner

**सेवा लिन आउनुको कारण तर्फ :-**

१. चारित्रिक सिफारिस र अन्य सिफारिस २१ प्रतिशत

२. कर तिर्न २४ प्रतिशत

३. योजना माग गर्न १० प्रतिशत

४. अन्तिम किस्ता भुक्तानी लिन ११ प्रतिशत

५. आर्थिक सहयोग १९ प्रतिशत

६. उजुरी ८ प्रतिशत

७. सूचना लिन ७ प्रतिशत

यस सर्वेक्षणको आधारमा उपमहानगरपालिकाको कार्यालयलाई दिन सकिने संक्षिप्त व्याख्यासहितका सुझावहरू निम्न छन्:

**१. नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन र सचेतना :-**

अवस्था: ६१% सेवाग्राहीले वडापत्र अनुसार सेवा नपाएको महसुस गरेका छन् र २५% लाई यसबारे जानकारी नै छैन।

सुझाव: नागरिक वडापत्रलाई केवल भित्तामा टाँस्ने मात्र नभई, श्रव्य-दृश्य -Audio/Visual) माध्यमबाट पनि जानकारी दिने व्यवस्था गर्नुपर्छ। विशेषगरी ३४% निरक्षर सेवाग्राहीलाई मध्यनजर गर्दै 'हेल्प डेस्क' बाट मौखिक जानकारी दिने व्यवस्था मिलाउनुपर्छ।

**२. भ्रष्टाचार नियन्त्रण र शून्य सहनशीलता :-**

अवस्था: २७% सेवाग्राहीले अतिरिक्त रकम तिर्नुपरेको र २९% ले प्राविधिकलाई रकम नदिए काममा अप्ठ्यारो पार्ने बताएका छन्। ३९% ले सिफारिसमा अतिरिक्त दस्तुर बुझाएको देखिन्छ।

सुझाव: "अतिरिक्त रकम" लिने प्रवृत्ति रोक्न विद्युतीय भुक्तानी (e–Payment) प्रणालीलाई अनिवार्य बनाउनुपर्छ। अनुगमनका लागि उजुरी पेटिकाको सक्रियता बढाउने र अनियमितता गर्ने कर्मचारीलाई तत्काल विभागीय कारबाहीको दायरामा ल्याउनुपर्छ।

**३. मध्यस्थकर्ता (बिचौलिया) को अन्त्य र प्रक्रियागत सरलीकरण :-**

अवस्था: २२% सेवाग्राही अझै पनि मध्यस्थकर्ताको सहयोग लिन बाध्य छन्।

सुझाव: सेवा लिने प्रक्रियालाई यति सरल बनाउनुपर्छ कि सामान्य साक्षर व्यक्तिले पनि आफैं काम गर्न सकोस्। कार्यालयमा छिर्ने बित्तिकै सेवाग्राहीलाई मार्गदर्शन गर्ने 'स्वयंसेवक वा गाइड' को व्यवस्था गरेमा बिचौलियाको प्रभाव स्वतः कम हुनेछ।

**४. सूचनाको हक र लक्षित वर्गको पहुँच :-**

अवस्था: ४१% सेवाग्राहीलाई विपन्न वर्गका लागि छुट्याइएको सेवाबारे केही पनि जानकारी छैन।

CamScanner

सुझावः लक्षित वर्ग (विपन्न, दलित, महिला) का लागि ल्याइएका कार्यक्रमहरूको प्रचार-प्रसार वडा तहसम्म पुऱ्याउनुपर्छ। एफ.एम. रेडियो, स्थानीय पत्रपत्रिका र वडा कार्यालयका सूचना पाटीहरूमा यस्ता कार्यक्रमको विवरण सरल भाषामा राख्नुपर्छ।

**५. कर्मचारीको व्यवहार र कार्यसंस्कृतिमा सुधार**

अवस्थाः कर्मचारीको व्यवहार र उपस्थितिमा क्रमशः १२% र १९% असन्तुष्ट छन्। २७% सेवाग्राही संस्थाप्रति अविश्वस्त छन्।

सुझावः कर्मचारीहरूका लागि 'सफ्ट स्किल' र 'कस्टमर केयर' सम्वन्धी तालिम सञ्चालन गर्नुपर्छ। कार्यालय समयको पूर्ण पालना र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरी जनविश्वास बढाउनुपर्छ।

**६. योजना र भुक्तानी प्रक्रियामा सुधार**

अवस्थाः २६% सेवाग्राहीलाई योजनाको बिल भुक्तानी लिन अझै पनि अप्ठ्यारो छ।

सुझावः योजनाको जाँचपास र भुक्तानीका लागि निश्चित समयसीमा (Timeline) तोकिनुपर्छ। प्राविधिकहरूले फिल्ड चेकजाँच गरेको २४ घण्टाभित्र रिपोर्ट बुझाउने र लेखा शाखाले आवश्यक कागजात पुगेको निश्चित समयभित्र भुक्तानी दिने गरी 'चेकलिस्ट प्रणाली' लागू गर्नुपर्छ।

**निष्कर्षः-**

सर्वेक्षणले युवा (१६-३९ वर्ष) र मधेसी/जनजाति समुदायको बाहुल्यता देखाएको छ। त्यसैले, उपमहानगरपालिकाले आफ्नो सेवालाई प्रविधिमैत्री, समावेशी र भ्रष्टाचारमुक्त बनाउन सकेमा मात्र नागरिक सन्तुष्टिको प्रतिशत ४६% बाट बढाएर शतप्रतिशतको नजिक पुऱ्याउन सकिन्छ।

**अन्तिम सुझाव र मार्गचित्र :-**

जीतपुरसिमरा उपमहानगरपालिकाले आफ्नो साख जोगाउन र नागरिकको मन जित्न अबको 'एक्शन प्लान' मा निम्न मुख्य ३ कुरालाई प्राथमिकता दिनुपर्छ:

- डिजिटलाइजेशन र पारदर्शी भुक्तानीः अतिरिक्त रकमको चलखेल रोक्न सबै प्रकारका राजस्व र दस्तुरलाई अनलाइन प्रणालीमा लैजाने र योजनाको भुक्तानीलाई 'ट्र्याकिङ सिस्टम' मा राख्ने।
- समावेशी सञ्चारः निरक्षर र साक्षर समूहका लागि श्रव्य-दृश्य -Video/Audio) वडापत्र र प्रत्येक वडामा 'नागरिक सहायता कक्ष' को प्रभावकारी सञ्चालन गर्ने।
- कडा अनुगमन र दण्ड-पुरस्कारः इन्जिनियर र प्राविधिकहरूको कामको गुणस्तर अडिट गर्ने र बेरुजु फछ्र्यौटलाई अभियानकै रूपमा अगाडि बढाउने।
- समग्रमा, नगरपालिकाको भौतिक संरचना र आधारभूत सेवाको गति ठिकै भए पनि 'भ्रष्टाचार मुक्त सेवा' र 'सामाजिक न्याय' को क्षेत्रमा व्यापक सुधार नगरेसम्म नागरिकले स्थानीय सरकारको वास्तविक अनुभूति गर्न सक्ने देखिँदैन।

CamScanner

१३. संलग्न कागजातहरु:

- कार्यक्रमको प्रतिवेदन सक्कल १ थान। प्रतिलिपी १ थान।
- कार्यक्रममा सहभागि तथा उपस्थितिको नामावलीको प्रतिलिपीहरु।
- भिडियो तथा फोटोहरू सामग्री राखिएको पेनड्राइभ १ थान।
- सहभागिहरुले लिखित बुझाएका सुझाव/गुनासो संकलन ३५ थान फारमहरु मध्येवाट ५ थान नमुनाको लागि सक्कल फारमहरु।
  सेवा लिन आएका सेवाग्राहीहरुसँग जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालयको प्राङ्गणमा मिति २०८२/११/२७ र २०८२/११/२८ गते २ दिन गरिएको नागरिक अभिमत पत्र (Exit poll) लिने क्रममा भरिएका १ सेटमा ५ पेज रहेको १०० थान सक्कल फारमहरु मध्येबाट २ सेट नमुनाको लागि सक्कल फारमहरु।
- बिंल भुक्तानी आदी।

१४. कार्यक्रम संचालनको लागि उपमहानगरपालिकाबाट प्राप्त स्वीकृत बजेट रकम रु.९८,८७५/- सो बजेटबाट कार्यक्रममा भएको खर्चको बिवरण:

| क्र.सं. | खर्च शिर्षक | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रमको प्रत्यक्ष प्रसारणका लागि आवश्यक श्रव्य/दृश्यका सामग्रीहरु र दक्ष प्राविधिक जनशक्तिहरु समेत | २५,८७०/- | |
| २ | कार्यक्रम संचालक तथा प्रस्तोता | १०,०००/- | |
| ३ | स्थानिय पत्रिका,अटो प्रचार र रेडियो एफ.एम.प्रचार | २२,५०० /- | |
| ४ | स्टेशनरी तथा मसलन्दहरु | ११,००० /- | |
| ५ | नागरिक अभिमत (Exit poll) को लागि विज्ञ सहितको जनशक्ति परिचालन | १०,०००/- | |
| ६ | प्रतिवेदन तयारी खर्च | ५,०००/- | |
| ७ | कार्यक्रमको मुख्य ब्यानर र आचारसंहिता सम्वन्धि ब्यानर | ३,१३०/- | |
| जम्मा रकम | | ८७,५००।- | |
| १३ प्रतिशत कर | | ११,३७५।- | |
| कुल जम्मा | | ९८,८७५।- | |
| अक्षरुपी रु. अन्ठानब्बे हजार आठ सय पचहत्तर रुपैया मात्र। | | | |

प्रतिवेदन दिएको मिति: २०८२/१२/१२ सार्वजनिक सुनुवाई संयोजकको दस्तखत

pal tv MEDIA HUB

CamScanner




०८२/२०८३, दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम




थिक वर्ष २०८२/२०८३, दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम

paltv
MEDIA HUB






pal tv
MEDIA HUB

CamScanner